Phone No 076550383
Google + Code M5QJ+48

बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या ०७९।८०
चलानी नं

## मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउन निवेदन दिने सम्बन्धि सुचना !

मितिः २०७९/०४/१९ गते

नेपाल सरकार (माननिय मन्त्री स्तर) बाट मिति २०७८/१२/१३ गते स्वीकृत "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८" अनुसार देहायको मापदण्डको आधारमा मासिक रुपमा औषधी उपचार खर्च रु. पाँच हजारका दरले त्रैमासिक रुपमा सम्बन्धित वडा कार्यालयहरुबाट भुक्तानी हुने हुँदा उपर्युक्त रोग संग सम्बन्धित विरामीहरुले आ-आफ्नो वार्ड कार्यालयमा निवेदन दिनु हुन सुचित गरिन्छ।

तपसिल

१. राष्ट्रिय परिचय पत्र वा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, नाबालकको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, अनुसूची-१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस, मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धि प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी सहित वडा कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।
२. नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवृत्तिभरण वा विदेशी सरकारवाट रोजगारी/पेन्सन प्राप्त गरिरहेको व्यक्तिले यस निर्देशिका बमोजिम मासिक वृत्ति उपलब्ध गराईने छैन।
३. नेपाल सरकारबाट उपलब्ध गराउँदै आएको ज्येष्ट नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता, अपांग भत्ता लगायत नेपाल सरकारबाट साविकमा खाई पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन्।
४. यसै कार्यविधिमा उल्लेखित एकभन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो गर्ने गरी यस किसिमको भत्ता प्रप्त गर्ने छैनन्।
५. पेश गर्नुपर्ने कागजातसंग सम्बन्धित अनुसूची-१ र अनुसूची-२ https://banganagamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।
६. रकम भुक्तानीका लागि सम्बन्धित वार्ड कार्यालयले तोकेको वैंकमा खाता खोल्नु पर्नेछ।

..............................
भक्तिराम पाण्डे
हे.ई . अधिकृत
स्वास्थ्य शाखा

..............................
निमित्त प्रमुख
नि. प्रमुख प्रशासकीय अधिकृत